**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २६ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- सरकारले ३४ हजार करोड भन्दा अधिक लागतको राष्ट्रीय महत्वपूर्ण खनिज मिशनलाई अनुमोदन गरेको छ।

- गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका संस्थापक अध्यक्ष स्वर्गीय सुभाष घिसिङको १० औं पुण्यतिथिको अवसरमा आज मिरिकको मञ्जुश्री पार्कमा उहाँप्रति समर्पित समाधि को अनावरण गरियो।

- खरसाङ नगरपालिका क्षेत्रमा हाउजिङ फर अल योजनाको लाभार्थीहरुलाई लिएर हिजदेखि सर्वेक्षणको कार्य शुरु भएको छ।

- खर्साँग अनि बिजनबारीमा ट्राफिक सुरक्षा सप्ताह पालन I

- पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषदले परीक्षामा नक्कल तथा प्रश्न-पत्र लीक हुनदेखि रोक्न कठोर निर्देश जारी गरेको छ।

**सरकार राष्ट्रीय महत्वपूर्ण खनिज मिशन**

सरकारले ३४ हजार करोड भन्दा अधिक लागतको राष्ट्रीय महत्वपूर्ण खनिज मिशनलाई अनुमोदन गरेको छ। हरित प्रौद्योगिकिहरुलाई प्रोत्साहन गर्न आवश्यक महत्वपूर्ण खनिज स्रोतहरूको लागि लचिलो मूल्य श्रृंखला सिर्जना गर्ने निर्णय गरिएको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा सञ्चारकर्मीलाई सम्बोधन गर्नुहुदै अर्थव्यवस्थाको वृद्धिका लागि महत्वपूर्ण खनिज पदार्थ निकै उपयोगी रहेको बताउनु भएको छ । उहाँले ऊर्जा संक्रमण, कृषि, प्रतिरक्षा, इलेक्ट्रोनिक्स, दूरसञ्चार, यातायात, एयरोस्पेस, परमाणु र अन्य क्षेत्रका लागि यी खनिज प्रौद्योगिकिहरुहरू महत्वपूर्ण रहेको बताउनु भएको छ । यस्ता खनिज पदार्थको खोज गर्ने, खनिज ब्लक प्राप्त गर्ने र खनिज आयातमा निर्भरता घटाउने देशको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उक्त मिसन स्वीकृत गरिएको हो।

****** ० ******

**'महाकुम्भ २०२५-पुरस्कार**

'महाकुम्भ २०२५– स्वर्णिम भारतः विरासत र विकास' नामक मुख्य बिषयका साथ प्रस्तुत गरिएको उत्तर प्रदेशको झाँकीले २६ जनवरीमा नयाँ दिल्लीको कर्तव्य पथमा आयोजित गणतन्त्र दिवस परेडमा उत्कृष्ट झाँकीको पुरस्कार जितेको छ Iत्रिपुराको 'शाश्वत श्रद्धाः त्रिपुरामा १४ देवताको पूजा– खार्ची पूजा' बिषयमा आधारित झाँकी दोस्रो र आन्ध्र प्रदेशको 'इतिकोप्पाका बोमालु– पर्यावरण-अनुकूल काठको खिलौना -शीर्षकको झाँकीले तेस्रो पुरस्कार जितेको छ। केन्द्रीय मन्त्रालय र विभागहरूमध्ये जनजातीय मामिला मन्त्रालयको 'जनजातीय गौरव वर्ष'ले उत्कृष्ट झाँकी पुरस्कार जिटेको छ। सर्वश्रेष्ठ मार्चिंग कंटीजेंट अवार्ड जम्मू-कश्मीर राइफल्स कंटिंजेन्ट ले जितेको छ यसरीनै दिल्ली पुलिस मार्चिंग कंटीजेंटले सीएपीएफ र अन्य सहायक बलहरु बीच पुरस्कार जितेको छ। केन्द्रीय लोक निर्माण विभाग अनिया 'जयति जय ममह भारतम' नृत्य समूहलाई विशेष पुरस्कारद्वारा सम्मानित गरिएको छ I (भारतीय संविधानको 75 वर्ष)। यसबाहेक, गुजरातले लोकप्रिय चयन श्रेणी आफ्नो 'स्वर्णिम भारत: विरासत र विकास' झांकीको लागि सर्वश्रेष्ठ झांकी पुरस्कार जितेको छ।

****** ० ******

**मिरिक -सुवास घिसिंग -समाधि अनावरण**

प्रख्यात गोर्खा नेता एव गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका संस्थापक अध्यक्ष स्वर्गीय सुभाष घिसिङको १० औं पुण्यतिथिको अवसरमा आज मिरिकको मञ्जुश्री पार्कमा उहाँप्रति समर्पित समाधि को अनावरण गरियो । उहाँको सम्मानमा पार्कको नाम "सुबाश घिसिङ स्मृति पार्क" राखिएको छ।२९ जनवरी २०१५ मा निधन भएका घिसिङ १९८० को दशकको गोर्खाल्याण्ड आन्दोलनका एक प्रमुख व्यक्तित्व थिए। २२ जुन १९३६ मा मिरिकको मञ्जु चिया बगानमा जन्मिएका सुवास घिसिङले गोर्खा राष्ट्रिय मुक्ति मोर्चा स्थापना गरेर १९८८ देखि २००८ सम्म दार्जिलिङ गोर्खा हिल काउन्सिलको अध्यक्षको रूपमा सेवा गर्नुभयो ।स्वर्गीय घिसिङको जीवनी लेखिएको फलक सहितको १० फिट x ६ फिटको पर्खालमा रहेको समाधिको उद्घाटन उहाँका पुत्र मन घिसिङले गर्नुभयो । कार्यक्रममा जीटीए प्रमुख अनित थापा, विधायक नीरज जिम्बा, हिल टीएमसी अध्यक्ष एल.बी. राई, जीएनएलएफ नेताहरू र पहाडका विभिन्न राजनीतिक दलका नेताहरूको उपस्थिति रहेको थियो ।यस अवसरमा जीटीए प्रमुख अनित थापाले स्व. घिसिङको योगदानलाई स्मरण गर्नुहुदै "सुभाष घिसिङले गोर्खाहरूका लागि एउटा महत्वपूर्ण स्थान सृजना गरेको बताउनु भयो । मन घिसिङले आफ्ना पिताप्रति श्रद्धाञ्जली अर्पण गर्नुहुदै उज्ज्वल भविष्यको लागि प्रयास गर्दा उहाँको विरासतले हामीलाई मार्गदर्शन गरिरहने बताउनु भयो । घिसिङकी श्रीमती स्वर्गीय धनकुमारी घिसिङप्रति समर्पित समाधि उहाँको समाधिको बायाँपट्टि अवस्थित छ।

****** ० ******

**सर्वेक्षण**

खरसाङ नगरपालिका क्षेत्रमा हाउजिङ फर अल योजनाको लाभार्थीहरुलाई लिएर सम्पन्न प्रशासनिक बैठकमा जीटीए प्रमुख अनित थापाले निर्देश दिएपछि हिज देखि सर्वेक्षणको कार्य शुरु भएको छ। हाउजिङ फर अल योजनाको लाभार्थीहरुको घर-घरमा गएर सर्वेक्षण गर्न खरसाङ नगरपालिका र जीटीएबाट संयुक्त रुपमा दुईवटा टिम बनाएर सर्वे गरिएको जानकारी प्राप्त भएको छ। सर्वेक्षणको पहिलो दिन खरसाङ नगरपालिकाको वार्ड नम्बर 1 का 61 घर र वार्ड नम्बर 20 मा 70 वटा घरहरू सर्वेक्षण गरिएको जानकारी खरसाङ नगरपालिकाका उपाध्यक्ष सुवास प्रधानले दिनु भएको छ ।

****** ० ******

**दार्जिलिङ आरटीओ- बिजनबारी सचेतना कार्यक्रम**

बडदो सडक दुर्घटनालाई कसरी कम गर्न सकिन्छ तथा यसबारेमा के कस्ता सावधानीहरु आपनाउनु पर्छ भन्ने प्रमुख उदेश्यको साथमा आरटीओ दार्जिलिङको मुख्य आयोजनामा सडक सुरक्षा विषय लिएर एक सचेतना कार्यक्रम बिजनबारीमा सम्पन्न गरियो। कार्यक्रममा दार्जिलिङ एम बी आई अधिकारी कौसिक सिङ्गक, एडिसनल आर टि ओ हिस्से ठेन्डुप भुटिया, टार्फिक ओसि पुलबजार निल कोमल सरकार लगायत वरिपरिका विभिन्न चालक संगठनहरुका सदस्यहरुसगै सर्वसाधारणको बिशेश उपस्थिति रहेको थियो। कार्यक्रममा सडक सुरक्षा विषय हाजिरि जवाफ प्रतियोगिता आयोजना गरियो भने प्रतियोगिताका बिजेता हरुलाई पारितोषक समेत वितरण गरियो।

****** ० ******

**दार्जिलिङ आरटीओ- बिजनबारी सचेतना कार्यक्रम**

बडदो सडक दुर्घटनालाई कसरी कम गर्न सकिन्छ तथा यसबारेमा के कस्ता सावधानीहरु आपनाउनु पर्छ भन्ने प्रमुख उदेश्यको साथमा आरटीओ दार्जिलिङको मुख्य आयोजनामा सडक सुरक्षा विषय लिएर एक सचेतना कार्यक्रम बिजनबारीमा सम्पन्न गरियो। कार्यक्रममा दार्जिलिङ एम बी आई अधिकारी कौसिक सिङ्गक, एडिसनल आर टि ओ हिस्से ठेन्डुप भुटिया, टार्फिक ओसि पुलबजार निल कोमल सरकार लगायत वरिपरिका विभिन्न चालक संगठनहरुका सदस्यहरुसगै सर्वसाधारणको

बिशेश उपस्थिति रहेको थियो। कार्यक्रममा सडक सुरक्षा विषय हाजिरि जवाफ प्रतियोगिता आयोजना गरियो भने प्रतियोगिताका बिजेता हरुलाई पारितोषक समेत वितरण गरियो।

****** ० ******

## दार्जिलिङ आरटीओ- बिजनबारी सचेतना कार्यक्रम

बडदो सडक दुर्घटनालाई कसरी कम गर्न सकिन्छ तथा यसबारेमा के कस्ता सावधानीहरु आपनाउनु पर्छ भन्ने प्रमुख उदेश्यको साथमा आरटीओ दार्जिलिङको मुख्य आयोजनामा सडक सुरक्षा विषय लिएर एक सचेतना कार्यक्रम बिजनबारीमा सम्पन्न गरियो। कार्यक्रममा दार्जिलिङ एम बी आई अधिकारी कौसिक सिङ्गक, एडिसनल आर टि ओ हिस्से ठेन्डुप भुटिया, टार्फिक ओसि पुलबजार निल कोमल सरकार लगायत वरिपरिका विभिन्न चालक संगठनहरुका सदस्यहरुसगै सर्वसाधारणको बिशेश उपस्थिति रहेको थियो। कार्यक्रममा सडक सुरक्षा विषय हाजिरि जवाफ प्रतियोगिता आयोजना गरियो भने प्रतियोगिताका बिजेता हरुलाई पारितोषक समेत वितरण गरियो।

****** ० ******

## जैविक खेती प्रशिक्षण

जैविक खेतीलाई बडावा दिन अनुज्ञालय दार्जीलिङ डायोसिस सोसियल सर्भिस सोसाइटीको आयोजनामा आज कालेबुङमा एउटा प्रशिक्षण शिविर सम्पन्न भयो। नौ वटा ग्राम पन्चायत क्षेत्रका कृषकहरुलाई लिएर शुरु गरिएको उक्त कार्यक्रमको आज प्रशिक्षण अवधि पन्चायत समिती सभापति ममता गुरुङ, डेप्युटी म्याजिस्ट्रेट सन्जय सुब्बा, कृषि विज्ञान केन्द्रका प्रमुख डा० म्हेन्डल लामा साथै विषय विशेषज्ञ स्नेहलता लामा अनि रन्जित पाण्डा उपस्थित हुनुहुन्थ्यो। स्वास्थ्यरुपी धनलाई जोगाउन जैविक खेती गरेर जैविक खाद्य ग्रहण गर्नु अत्यावश्यक रहेको कुराबारे जानकारी गराएर कृषकहरुलाई जैविक खेतीबारे सचेत गराउनु कार्यक्रमको उद्देश्य रहेको अनुज्ञालय दार्जीलिङ डायोसिस सोसियल सर्भिस सोसाइटीका निर्देशक फादर सामुएल लेप्चाले बताउनु भएको छ। अर्कोतिर कालेबुङ खण्ड एक पन्चायत समिति सभापति ममता गुरुङले कालेबुङलाई जैविक क्षेत्र बनाउन आफुहरुले धैरैवटा योजनाहरु तयार गरेको जानकारी दिनुभएको छ ।

****** ० ******

## वाहन दुर्घटना

हिज राती पन्बु अनि कालिझोडाबीचमा भएको एउटा भयानक वाहन दुर्घटनामा एकजनाको घटनास्थलमा नै मृत्यु भएको छ भने अन्य पाँच जना गम्भीर रुपमा घाइते बनेका छन्। प्राप्त जानकारी अनुसार एउटा मारुती भ्यान सिलगडी तर्फ गइरहेको समय पन्बु अनि कालिझोडा बीचको स्थानमा अनियन्त्रित बनेर सडक मुनि खस्न पुगेको स्थानियहरुले बताएको छ। दुर्घटनाको जानकारी पाए पश्चात् स्थानीय मानिसहरुको सहयोगमा घाइतेहरुलाई उद्धार गरेर सिलगडी पठाइएको थियो जहाँ उनीहरूको उपचार चलिरहेको जानकारी प्राप्त भएको छ।

****** ० ******

## पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा

पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषदले परीक्षामा नक्कल तथा प्रश्न-पत्र लीक हुनदेखि रोक्ने उद्देश्य अन्तर्गत कड़ा निर्देश जारी गरेको छ। यसपालि परीक्षा हलमा मोबाइल फोन वा अन्य कुनै पनि प्रकारको इलेक्ट्रनिक डिभाइस फेला परे वर्षभरिको परीक्षा रद्द गरिनेछ।परिषदले स्पष्ट पारेको छ, यदि कुनै परीक्षार्थीलाई परीक्षा हलमा मोबाइल फोन वा स्मार्टवाचसितै पक्राउ गरिए उसको वर्षभरिको परीक्षा रद्द हुनेछ। यही नियम नक्कल गर्ने विद्यार्थीहरूमाथि पनि लागू हुनेछ। यसअघि केन्द्रिय माध्यमिक शिक्षा बोर्ड (सीबीएसई)- ले पनि नक्कललाई लिएर यस्तै कड़ा नियम लागू गरिसकेको छ।प्रश्न पत्र लीकमाथि रोक लगाउनको लागि कड़ा बन्दोबस्त-पछिल्ला केही वर्षहरूदेखि हुँदै आएको र प्रश्न पत्र लीकका घटनाहरूलाई ध्यानमा राखेर यसपालि परिषदले नयाँ तकनिक प्रयोग गर्ने निर्णय गरेको छ। परीक्षा केन्द्रहरूमा सुरक्षाको व्यापक बन्दोबस्त गरिनेछ। यसपालि प्रश्न पत्र स-सानो प्याकेट्समा पठाइनेछ जसलाई सोझै परीक्षा कक्षमा परीक्षार्थीहरूको सामु खोलिनेछ।नयाँ निर्देश अनुसार--परीक्षा केन्द्रमा प्राचार्य वा भेन्यु सुपरभाइजरको कक्षमा प्रश्न पत्रको प्याकेट खोलिने छ। यस वर्ष परीक्षा आगामी 3 मार्चदेखि आरम्भ भएर 18 मार्चमा समाप्त

हुनेछ। परीक्षाको समय बिहान 10 बजेदेखि अपरान्ह 1:15 बजेसम्म रहनेछ। परीक्षा केन्द्रहरूमा प्रत्येक 25 विद्यार्थीहरूमा एकजना अनि 50 भन्दा अधिक विद्यार्थीहरूको कक्षमा तीनजना पर्यवेक्षकहरूको तैनाथी अनिवार्य हुनेछ।

****** ० ******

**सिलगडी -अपराधिक घटना**

भक्तिनगर थानाको पुलिसले ठूलो आपराधिक घटना हुन अगावै देशी बन्दुकसितै तीनजना युवकहरूलाई पक्राउ गरेको छ। पक्रा पर्ने युवकहरूमा मोहम्मद मुजफ्फर, दीपक पासवान र सन्दीप दियाली सामेल छन्। पुलिस सूत्र अनुसार हिज अबेर राती पुलिस पेट्रोलिंग अवधि सिलगढ़ी नगरनिगमको 41 नम्बर वार्डस्थित एक मैदानमा केही युवकहरूलाई देखिए पछि पुलिस टीमले ती युवकहरूलाई पक्रेर जाच गर्दा उनिहरूबाट एउटा देशी बन्दुक र एउटा जिउँदो कारतूस जफ्त गरियो। पुलिसले यस मामिलाको जाँचमा जुटिसकेको छ।

****** ० ******